भागेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बगरकोट, डडेल्धुरा

सु.प. प्रदेश नेपाल

प.स. २०७९/०८०
च.नं. 2294

मिति २०८०।०३।१३

श्री वडा कार्यालय सवै,

विषय :- जानकारी गराईदिने वारे ।

उपरोक्त सम्वन्धमा भागेश्वर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय वगरकोट डडेल्धुरा महिला तथा बालबालिका शाखाको आयोजनामा मिति २०८०।०३।१५ गतेका दिन गाउँपालिका स्तरीय अपाङ्गता भएका व्यक्तिहरुको चेकजाँच गरी पुर्ण कागजात भएका व्यक्तिहरुको लागी सिविर सञ्चालन हुने हुदा सम्वन्धित सरोकारवाला सवैले तपसिल बमोजिमका कागजात सहित तपसिल बमोजिमको स्थान र मितिमा सहभागी हुन अनुरोध गरिन्छ ।

तपसिल

**अपाङ्गता परिचय पत्र लिन आउँदा आवस्यक पर्ने कागजातहरु**

१. सम्वन्धित वडा कार्यालयको सिफारिस – १ प्रति

२. नेपाली नागरिकताको सक्कल सहित फोटोकपी – १ प्रति

३. नागरिकता नभएको हकमा जन्म दर्ता प्रमाण पत्रको फोटो कपी –१ प्रति

४. अपाङ्गता भएको अंग देखिने गरी खिचिएको पासपोर्ट साईजको फोटो –२ प्रति

५. परिचय पत्र लिन आउदा अपाङ्गता भएको व्यक्ति स्वयम् उपस्थित गराउनु पर्ने

६. यदि पुरानो चेकजाँच गरेको कागजात छ भने साथमा साथमा लिएर आउनु पर्ने ।

७. अपाङ्गता भएका व्यक्तिले परिचयपत्र पाउनका लागी निवेदन र अपांगता परिचय पत्र वितरण अनुसुचि फारम १ अनिवार्य भरेर पेश गर्नु पर्ने

८ डाक्टरको चेकजाँच तथा सिफारिसका लागी भागेश्वर गाउँपालिका वगरकोट बाट नै उपलब्ध गराईने छ ।

**स्थान :- भागेश्वर गाउँपालिका वगरकोट डडेल्धुरा ।**

**मिति :- २०८०।०३।१५ गते शुक्रवार ।**

खगेन्द्र भारती
(प्रमुख प्रशासकीय अधिकृत)